# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र नियमावलीको नियम ३ बमोजिम ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने विवरण मध्ये (२०८० साल माघ,फाल्गुण र चैत्र) महिनाको विवरणः

| क्र.स. | बिबरणको सुची | बिबरण/प्रगति | कैफियत |
|---|---|---|---|
| १. | निकायको स्वरूप र प्रकृति | नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रलाई समेत सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरण सृजना गरी यस क्षेत्रको विकास तथा विस्तार गर्नका साथै दूरसञ्चार क्षेत्रलाई अझ ब्यवस्थित र नियमित गर्न दूरसञ्चार ऐन, २०५३ बमोजिम अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था, नेपाल दूरसञ्चार प्राधिकरण (Nepal Telecommunications Authority) को मिति २०५४ फागुन २० गते स्थापना भयो। | |
| २. | निकायको काम,कर्तब्य र अधिकार | • दूरसञ्चार सेवाको विकासको लागि नेपाल सरकारले अपनाउनु पर्ने नीति, योजना र कार्यक्रमको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।<br>• दूरसञ्चार सेवा तथा सुविधा र्सवसुलभ र भरपर्दो बनाउने ।<br>• आधारभूत दूरसञ्चार सेवा र सुविधा नेपालभरका शहरी तथा ग्रामीण सबै क्षेत्रमा पुऱ्याउन आवश्यक व्यवस्था गर्ने ।<br>• दूरसञ्चार सेवा संचालनमा स्वदेशी तथा विदेशी निजी क्षेत्रका लगानीकर्ताहरुलाई सहभागी बनाउने ।<br>• दूरसञ्चार सेवा र सुविधा र्सवसाधारण सबैलाई उपलब्ध गराउन त्यस्तो सेवा र सुविधा प्रदान गर्ने व्यक्तिहरु बीच समन्वय र स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था गर्ने ।<br>• दूरसञ्चार सेवा र दूरसञ्चार सम्वन्धी यन्त्र तथा उपकरणहरुको स्तर तोक्ने, गुणस्तर निर्धारण गर्ने तथा स्वीकृत गर्ने ।<br>• दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्ने ।<br>• दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र दिने ।<br>• अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसंचार सेवा उपलब्ध गराए बापत लिने शुल्क स्वीकृत र नियमित गर्ने ।<br>• रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिबाट निर्धारित नीति अनुरुप फ्रिक्वेन्सी सम्वन्धी काम गर्ने ।<br>• दूरसञ्चारको क्षेत्रमा नयां प्रविधिको विकास तथा उपयोगबारे अनुसन्धान गर्ने, गराउने ।<br>• दूरसञ्चार क्षेत्रको लागि दक्ष जनशक्ति विकास गराउने ।<br>• उपभोक्ताहरुको हकहितको संरक्षण हुने गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्ने, गराउने ।<br>• दूरसञ्चारका सम्वन्धमा नेपाललाई International ट्रान्जिटको रुपमा विकास गर्ने, गराउने ।<br>• दूरसञ्चार सेवाको विकास र प्रबर्द्धन लागि आवश्यक र उपयुक्त अन्य काम गर्ने ।<br>• दूरसञ्चार सम्वन्धी यन्त्र, उपकरण तथा सुविधाहरुको गुणस्तर निर्धारण गर्ने।<br>• सरकारी नीति निर्देशनलाई ध्यानमा राखी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिने।<br>• दूरसञ्चार सेवा प्रदायकहरु बीच र सेवा प्रदायक र ग्राहक बीच पर्ने विवाद समाधान गर्ने।<br>• दूरसञ्चार सेवाको निरीक्षण र जांचबुझ गर्ने।<br>• अनुमतिपत्र जारी, नवीकरण, खारेज, संशोधन गर्ने एवं दण्ड जरिवाना गर्ने।<br>• सेवा प्रदायकलाई आवश्यक पर्ने विदेशी मुद्रा सटहीको सिफारिश गर्ने।<br>• क्षतिपूर्ति निर्धारण गर्ने। | |

| | | | |
|---|---|---|---|
| | | • सेवा प्रदायकलाई अरुको घर जग्गा उपयोग वा प्राप्तीका लागि आवश्कता अनुसार नेपाल सरकारलाई सिफारिश गर्ने।<br>• महशुल दर र अन्तरआवद्धता सम्बन्धमा निर्देशिका बनाई लागू गर्ने।<br>• प्रधिकरणलाई आवश्यक पर्ने बिनियम बनाउने।<br>• ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्ने रकमको दर निर्धारण गर्ने । | |
| ३. | निकायको रहने कर्मचारी संख्या र कार्य विवरण | स्विकृती दरबन्दी:-११० , कार्यरत कर्मचारी संख्या:-९५ | |
| ४. | निकायले प्रदान गर्ने सेवा | दूरसंचार सेवा संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने, महशुल दर स्वीकृत गर्ने , फ्रिक्वेन्सी (Spectrum) व्यवस्थापन तथा वितरण गर्ने, अनुगमन तथा निरीक्षण कार्य गर्ने, अनुमतिपत्र तथा उपभोक्ता हित संरक्षण कार्य गर्ने, नम्बरीङ्ग व्यवस्थापन गर्ने, उपकरण स्तर निर्धारण गर्ने | |
| ६. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सम्पूर्ण विवरण कार्यालयको वेभसाइटमा उल्लेख गरिएको सोको लिंक https://nta.gov.np/ne/ सांगठनिक-संरचना | |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दूरसंचार ऐन, नियमावलीमा उल्लेख भए बमोजिम उक्त बिषय नागरिक बडापत्रमा उल्लेख गरिएको. | |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | दूरसंचार प्राधिकरणका शाखा, महाशाखा, निर्देशनालय, अध्यक्ष, प्राधिकरण बोर्ड | |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | नागरिक बडापत्रमा उल्लेख गरिएको, सोको लिंक https://nta.gov.np/wp-content/uploads/Nagarikbadapatra-Final.pdf | |
| १०. | सम्पादन गरेको कामको विवरण | **१. ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरूको २०८० साल फागुन मसान्तसम्मको प्रगति विवरण**<br><br>**१. भौतिक प्रगतिः**<br><br>**१.१. ब्रोडब्याण्ड इन्टरनेट सेवा उपलव्ध गराउने परियोजनाः**<br><br>ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ब्रोडब्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरू मार्फत ७४ जिल्लाहरूका तोकिए बमोजिमका ७०८ स्थानिय तहका कार्यालयहरू, ५९३३ वडा कार्यालयहरू, ५३१८ सामुदायिक माध्यमिक विद्यालयहरू र ४२४९ सामुदायिक स्वास्थ्य संस्था/अस्पतालहरू गरी कुल १६,२०८ स्थानहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको अवस्था छ। हालसम्म जडान कार्य सम्पन्न भएका Site हरूको विवरण यस प्राधिकरणको Website मा रहेको लिङ्क https://nta.gov.np/page/nta-rtdf-progress मा हेर्न सकिन्छ ।<br><br>काठमाडौं उपत्यकाका २१ वटा पालिकाको कार्यालयहरू मध्ये ३ गाउँपालिकाहरू (महाङ्काल, कोन्ज्योसोम र बागमती) मा नेपाल दूरसञ्चार प्राधिरणको कोषबाट ३ वटा पालिकाको कार्यालयहरू, १८ वटा वडा कार्यालयहरू, ८९ वटा सामुदायिक विद्यालयहरू | |

(२३ वटा मा.वि. र ६६ वटा आ.वि.), र २३ वटा सामुदायिक स्वास्थ्य संस्थाहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको।

सम्पन्न भएका परियोजनाहरू मध्ये हालसम्म १७ वटा परियोजनाको Monitoring तथा Verification को कार्य सम्पन्न भईसकेको र १ वटा परियोजनाको Phase III अन्तर्गतको Monitoring तथा Verification को कार्य बाँकी रहेको ।

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित १८ प्याकेजहरूका ब्रोडव्याण्ड एक्सिस नेटवर्क परियोजना मध्ये २ वटा प्याकेजहरू (कोशी प्रदेश अन्तर्गत इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर, तथा गण्डकी प्रदेश अन्तर्गत मनाङ, मुस्ताङ, म्याग्दी र बागलुङ)अन्तर्गतका क्षेत्रमा Impact Assessment सम्पन्न भएको।

**२०८० फागुन मसान्तसम्म उपरोक्त उल्लेखित ब्रोडब्याण्ड परियोजनाहरूको संक्षिप्त भौतिक प्रगति विवरण यस प्रकार रहेकोः**

| विवरण | स्थानिय तह (पालिका)को कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्था | कुल संख्या |
|---|---|---|---|---|---|
| इन्टरनेट जडान सम्पन्न भएको | ७११ | ५,९५१ | ५,३४१ | ४,२७२ | १६,२७५ |

द्रस्टब्यः

१) काठमाडौं उपत्यकाका २१ वटा पालिकाको कार्यालयहरू मध्ये ३ गाउँपालिकाहरू (महाङ्काल, कोन्ज्योसोम र बागमती) मा नेपाल दूरसञ्चार प्राधिरणको कोषबाट ३ वटा पालिकाको कार्यालयहरू, १८ वटा वडा कार्यालयहरू, ८९ वटा सामुदायिक विद्यालयहरू (२३ वटा मा.वि. र ६६ वटा आ.वि.), र २३ वटा सामुदायिक स्वास्थ्य संस्थाहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको र सो समेत समाबेश गरिएको।

२) काठमाडौं उपत्यका अन्तर्गत १८ वटा स्थानीय तहहरू, ३ वटा महानगरपालिकाहरू (पोखरा, भरतपुर र बिराटनगर), ८ उपमहानगरपालिकाहरू, राज्य संरचनागत परिवर्तनका कारण १३ वटा स्थानीय तहहरू गरी ४२ पालिकाको कार्यालयहरू ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित ब्रोडब्याण्ड परियोजनामा समाबेश नभएको।

**१.२. तोकिएका स्थानहरूमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्ने कार्यक्रम सम्बन्धमाः**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरू मध्ये भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानिय तहका कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू तथा सामुदायिक स्वास्थ्य संस्थाहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवाको स्तर उन्नति गर्न तथा सामुदायिक आधारभूत विद्यालयहरू गरी करिब ४,२५१ स्थानहरूमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गरी २ वर्षसम्मको लागि महशुल बापतको रकम उपलब्ध गराउन तथा भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरूका सबै सामुदायिक आधारभूत विद्यालयहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्नका लागि सम्बन्धित गाउँपालिका/नगरपालिकाहरूसंग समझदारी-पत्रमा हस्ताक्षर गरी कार्य अगाडि बढाईएको। उक्त कार्यक्रमहरूको प्रगति देहाय बमोजिम रहेको।

**१. भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) को प्रगति विवरणः**

| क्र.सं. | विवरण | लक्ष्य | पौष महिनासम्मको प्रगति | फागुन महिनाको प्रगति |
|---|---|---|---|---|
| १ | सम्झौता गर्नुपर्ने स्थानिय तहको संख्या | ७६ | ७३ | - |
| २ | जडान कार्य सम्पन्न गर्नुपर्ने स्थानिय तहको संख्या | ७६ | ४१ | १ |
| ३ | जडान कार्य सम्पन्न गर्नुपर्ने पालिकाको कार्यालय/ वडा कार्यालयको संख्या | ६४५ | ३८६ | १५ |
| ४ | जडान कार्य सम्पन्न गर्नुपर्ने सामुदायिक विद्यालयको संख्या | ३,१०० (करिब) | १,७४६ | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | जडान कार्य सम्पन्न गर्नुपर्ने सामुदायिक स्वास्थ्य संस्था/अस्पतालहरू को संख्या | ५०० (करिब) | ४७७ | २४ | ५०१ |
| ६ | अप्टिकल फाईबर (12 core) विस्तार | आवश्यकता र औचित्यताका आधारमा | १,६३४।३८७ कि.मी. | - | १,६३४।३८७ |
| ७ | भुक्तानी भएको रकम | - | रु.१८,६७,२७,०३३।१० (अग्रिम भुक्तानी सहित) | - | रु.१८,६७,२७, (अग्रिम भुक्तानी |

**२. भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरूको प्रगति विवरणः**

| क्र.सं. | विवरण | लक्ष्य | पौष महिनासम्मको प्रगति | फागुन महिनाको प्रगति |
|---|---|---|---|---|
| १ | सम्झौता गर्नुपर्ने स्थानिय तहको संख्या | ६५६ | ३६२ | - |
| २ | कार्य सम्पन्न गर्नुपर्ने स्थानिय तहको संख्या | ६५६ | १२४ | - |
| ३ | कार्य सम्पन्न गर्नुपर्ने सामुदायिक आधारभूत विद्यालयको संख्या | २०,००० (करिब) | ३,६९७ | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | भुक्तानी भएको रकम | - | रु. २३,४६,३२,९५६।८० (कर सहित) | - | | रु. २३,४६,३२,९५ (कर सहित) |

**१.३. मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्गः**

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरू मार्फत अगाडि बढाईएको छ ।

**१. प्याकेज १ (कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेश)ः** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजबाट हालसम्म १,३९९.४३५ कि. मी. अप्टिकल फाईबर बिछ्याउने कार्य सम्पन्न भएको। २८ वटा DWDM System हरूको जडान सम्पन्न भई नेटवर्क सञ्चालनमा रहेको जसमा ५ थान DWDM System हरू गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा जडान गरिएको। ४७ वटा Core Router Equipment हरूको जडान कार्य सम्पन्न भई Final Acceptance Certificate (FAC) जारी भई warranty को चरणमा रहेको (४७ मध्ये २ थान Core Router Equipment हरू spare रहेको।)। साथै Scope परिवर्तन भएको फिदिम-ताप्लेजुङ्ग खण्डको लागि Contract Amendment मा हस्ताक्षर भई LC open भईसकेको।

उक्त प्रदेशमा सम्पन्न भएको अप्टिकल फाईबरको माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्यूबाट उद्घाटन भएको।

**२. प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश)ः** श्री युनाइटेड टेलिकम लि. ले २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भएको।उक्त निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर भएकोमा मिति २०८०।१०।२३ मा उक्त रिट खारेज भएकोले नयाँ खरिद प्रकृया शुरू गरी कार्य गरिने।

**३. प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश)ः** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजबाट हालसम्म ३०८.६३८ कि.मी. ADSS जडान कार्य सम्पन्न भएको। High Capacity DWDM उपकरण अन्तर्गत २८ मध्ये २३ वटा DWDM उपकरणहरूको जडान सम्पन्न भई FAC जारी भई warranty period सुरू भएको। Core Router उपकरण अन्तर्गत ४६ वटा Router हरूको जडान सम्पन्न भई FAC प्रकृयामा रहेको। साथै Microwave Transmission

Network अन्तर्गतका बबरमहल station मा NMS जडान भएको तथा २१ वटा Microwave hops मध्ये १७ hops तयार भई PAT कार्यको तयारी भईरहेको। Optical Fiber Network(UG) Package A अन्तर्गत duct pipe को FI तथा १ कि.मी. Trenching/Ducting कार्य सम्पन्न भएको। Optical Fiber Network(UG) Package B अन्तर्गत duct pipe को FI तथा २८ कि.मी. Trenching/Ducting कार्य सम्पन्न भएको। Optical Fiber Network(UG) Package C अन्तर्गत force majeure का कारण PLHDPE ducts and accessories को make/model/country of origin परिवर्तनको प्रक्रियामा रहेको।

उपरोक्त सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरूको संक्षिप्त भौतिक प्रगति विवरण यस प्रकार रहेको:

**१) प्याकेज १ (कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेश):**

| **कोशी प्रदेश** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **सम्झौता बमोजिम जडान गर्नुपर्ने** | **पौष महिनासम्मको प्रगति** | | **फागुन महिनाको प्रगति** |
| | | | **परिमाण** | **प्रतिशत** | |
| १ | अप्टिकल फाईबरको दूरी (कि. मी.) | 596 | 484.435 | 81.28% | - |
| २ | DWDM System | 11 | 10 | 90.91% | - |
| ३ | Core Router Equipment | 23 | 23 | 100% | - |
| ४ | माईक्रोवेभ स्पटको संख्या | - | - | - | - |

| **मधेश प्रदेश** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **सम्झौता बमोजिम जडान गर्नुपर्ने** | **पौष महिनासम्मको प्रगति** | | **फागुन महिनाको प्रगति** |
| | | | **परिमाण** | **प्रतिशत** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | अप्टिकल फाईबरको दूरी (कि. मी.) | 1028 | 709 | 68.96% | 14 | | 723 |
| २ | DWDM System | 4 | 4 | 100% | - | | 4 |
| ३ | Core Router Equipment | 10 | 10 | 100% | - | | 10 |
| ४ | माईक्रोवेभ स्पटको संख्या | - | - | - | - | | - |
| **बागमती प्रदेश** | | | | | | | |
| **क्र.सं.** | **विवरण** | **सम्झौता बमोजिम जडान गर्नुपर्ने** | **पौष महिनासम्मको प्रगति** | | **फागुन महिनाको प्रगति** | | **फागुन म प्रगति** |
| | | | **परिमाण** | **प्रतिशत** | | | **परिमाण** |
| १ | अप्टिकल फाईबरको दूरी (कि. मी.) | 555 | 192 | 34.59% | - | | 192 |
| २ | DWDM System | 9 | 9 | 100% | - | | 9 |
| ३ | Core Router Equipment | 13 | 12 | 92.30% | - | | 12 |
| ४ | माईक्रोवेभ स्पटको संख्या | - | - | - | - | | - |

**द्रस्टब्यः**

- सेवा प्रदायकबाट Detail Implementation Plan भए पश्चात अप्टिकल फाईबरको जम्मा दूरी २०८३.५५१ कि.मी. मात्र हुन आएको ।
- गण्डकी प्रदेशमा ३ स्थानहरूमा र लुम्बिनी प्रदेशमा २ स्थानहरूमा DWDM System हरू जडान गरेको भनी नेपाल टेलिकमले जानकारी गराएको।

| | | | |
|---|---|---|---|
| | | • २ थान Core Router Equipment हरू पोखरा र बुटवलमा जडान गरेको भनी नेपाल टेलिकमले जानकारी गराएको।<br><br>**२) प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश):** | |

| गण्डकी प्रदेश र लुम्बिनी प्रदेश | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **सम्झौता बमोजिम जडान गर्नुपर्ने** | **पौष महिनासम्मको प्रगति** | | **फागुन महिनाको** |
| | | | **परिमाण** | **प्रतिशत** | |
| १ | अप्टिकल फाईबरको दूरी (कि. मी.) | 2,160 | - | - | - |
| २ | DWDM System | 21 | - | - | - |
| ३ | Core Router Equipment | 73 | - | - | - |
| ४ | माईक्रोवेभ स्पटको संख्या | 0 | - | - | - |

**द्रस्टब्यः** म्याद थप नगर्ने निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा दायर भएको रिट मिति २०८०।१०।२३ गते खारेज भएकोले नयाँ खरिद प्रकृया शुरू गरी कार्य गरिने।

**३) प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश)**

| कर्णाली प्रदेश | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **सम्झौता बमोजिम जडान गर्नुपर्ने** | **पौष महिनासम्मको प्रगति** | | **फागुन महिनाको प्रगति** |
| | | | **परिमाण** | **प्रतिशत** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | अप्टिकल फाईबरको दूरी (कि. मी.)<br><br>(ADSS को मात्र )⁎ | 107.524 | 107.524 | 100% | - | | 107.524 |
| २ | DWDM System | 14 | 11 | 78.57% | - | | 11 |
| ३ | Core Router Equipment | 16 | 10 | 62.50% | - | | 10 |
| ४ | माईक्रोवेभ स्पटको संख्या | 19 | 15 | 78.94% | - | | 15 |

**सुदूरपश्चिम प्रदेश**

| **क्र.सं.** | **विवरण** | **सम्झौता बमोजिम जडान गर्नुपर्ने** | **पौष महिनासम्मको प्रगति** | | **फागुन महिनाको प्रगति** | | **फागुन म प्रगति** |
|---|---|---|---|---|---|---|---|
| | | | **परिमाण** | **प्रतिशत** | | | **परिमाण** |
| १ | अप्टिकल फाईबरको दूरी (कि. मी.)<br><br>(ADSS को मात्र )⁎ | 222.723 | **201.114 | 100% | - | | **201.114 |
| २ | DWDM System | 12 | 12 | 100% | - | | 12 |
| ३ | Core Router Equipment | 29 | 28 | 96.55% | - | | 28 |
| ४ | माईक्रोवेभ स्पटको संख्या | 2 | 2 | 100% | - | | 2 |

**द्रस्टव्यः**

- *नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसंग भएको सम्झौता बमोजिम कुल जम्मा अप्टिकल फाईबरको दूरी १,९९२ कि. मी. रहेकोमा हालसम्म ३०८.६३८ कि.मी. ADSS को कार्य सम्पन्न भएको, UG को कार्य अन्तर्गत ५८८.५०५ कि.मी. को लागि ३ वटा packages बनाई PO जारी भएको, तथा बाँकी रहेको कार्यको route सडक विस्तार नभएको ठाउँहरूमा रहेकोले नेपाल टेलिकमबाट प्रक्रिया शुरु गर्न बाँकी रहेको।
- ** अन्तिम Acceptance Test पश्चात कायम भएको।
- DWDM System को हकमा २८ साईटहरू मध्ये २ साईटहरू pool site रहेको जुन जडान गर्न बाँकी रहेको।
- ८ थान Core Router Equipment हरू लुम्बिनी प्रदेशमा जडान गरेको भनी नेपाल टेलिकमले जानकारी गराएको।

## २. बित्तीय प्रगतिः

हालसम्म उपरोक्त ब्रोडब्याण्ड तथा सूचना महामार्ग परियोजनाहरूको संक्षिप्त बित्तीय प्रगति विवरण यस प्रकार रहेको।

**ब्रोडब्याण्ड तथा सूचना महामार्ग परियोजनाहरूको संक्षिप्त बित्तीय प्रगति विवरण**

| क्र. सं. | विवरण | सम्झौता रकम | पौष महिनासम्मको प्रगति | फागुन महिनाको प्रगति | फागुन महिनासम्मको प्रगति |
|---|---|---|---|---|---|
| १ | ब्रोडब्याण्ड परियोजना | रु. ५,६७,४६,९१,२७६।३९ | रु. ५,४३,७२,९३,१६९।४२ | - | रु. ५,४३,७२,९३,१६९।४२ |
| २ | सूचना महामार्ग परियोजना | रु. ९,८९,१७,००,०००/- | रु. २,०९,३८,६७,०५६।६८ | - | रु. २,०९,३८,६७,०५६।६८ |

<table>
<tr><td></td><td></td><td>
आ.व. २०८०/८१ को तेश्रो त्रैमासमा प्रदान गरिएका Type Approval उपकरणहरू सम्बन्धी विवरण
<table>
<tr><th>Type Approval Certificates</th><th>2080/081</th><th>Magh</th><th>Falgun</th><th>Chaitra</th></tr>
<tr><td rowspan="2">GSM Handset</td><td>Permanent (PP)</td><td>13</td><td>15</td><td>11</td></tr>
<tr><td>Provisional (P)</td><td>35</td><td>28</td><td>7</td></tr>
<tr><td rowspan="2">GSM Device</td><td>Permanent (PP)</td><td>3</td><td>1</td><td>4</td></tr>
<tr><td>Provisional (P)</td><td>4</td><td>2</td><td>4</td></tr>
<tr><td rowspan="2">Satellite Phone</td><td>Permanent (PP)</td><td></td><td></td><td></td></tr>
<tr><td>Provisional (P)</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">Satellite Terminal</td><td>Permanent (PP)</td><td></td><td></td><td></td></tr>
<tr><td>Provisional (P)</td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">Tablet</td><td>Permanent (PP)</td><td>0</td><td>0</td><td>0</td></tr>
<tr><td>Provisional (P)</td><td>1</td><td>1</td><td>0</td></tr>
<tr><td rowspan="2">Short Range Device</td><td>Permanent (PP)</td><td>25</td><td>23</td><td>23</td></tr>
<tr><td>Provisional (P)</td><td>48</td><td>28</td><td>19</td></tr>
<tr><td></td><td>Total</td><td>129</td><td>98</td><td>68</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११.</td><td>प्रमुख, प्रबक्ता, सूचना अधिकारी र गुनासो सुन्ने आधिकारीको नाम र पद</td><td>प्रमुखको नाम र पदः श्री भुपेन्द्र भण्डारी, अध्यक्ष<br>प्रवक्ताः श्री सन्तोष पौडेल, निर्देशक<br>सहायक प्रवक्ताः डा. श्री प्रदिप पौड्याल, उप-निर्देशक<br>सूचना अधिकारीः श्री प्रतिमा घिमिरे, उप-निर्देशक</td><td></td></tr>
<tr><td>१२.</td><td>ऐन, नियम, विनियम वा निर्देशिकाको सूची</td><td>➢ दूरसञ्चार ऐन २०५३,<br>➢ उपभोक्ता संरक्षण ऐन २०५४,<br>➢ दूरसञ्चार नियमावली,२०५४<br>➢ दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली,२०७४<br>➢ उपभोक्ता संरक्षण नियमावली,२०७६</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | ➢ अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९<br>➢ अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८०<br>➢ सेवा प्रदायक तोक्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०६४<br>➢ नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६७,<br>➢ नेपाल दूरसञ्चार प्राधिकरण (उजुरी कारवाही सम्बन्धी कार्यविधि) विनियमावली २०६८,<br>➢ नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली २०६८,<br>➢ नेपाल दूरसञ्चार प्राधिकरणको निरीक्षण तथा जाँच कार्यविधि सम्बन्धी विनियमावली २०६८ ,<br>➢ नेपाल दुरसंचार प्राधिकरणको कार्य सम्पादन सम्बन्धि बनेको विनियमावली,२०६८, दूरसंचार सेवाको गुणस्तर सम्बन्धी विनियमावली, २०७३,<br>➢ नेपाल दूरसंचार प्राधिकरणका कर्मचारीहरुको(सेवा शर्त सम्बन्धी) विनियमावली,२०७३, नेपाल दूरसंचार प्राधिकरण खरिद विनियमावली, २०७३,<br>➢ मोबाइल डिभाइस व्यवस्थापन प्रणाली विनिमावली वि.स. २०७५ (२०१८)<br>➢ वाईफाई हटस्पट सञ्चालन सम्बन्धी विनियमावली, २०७५<br>➢ दूरसञ्चार टावर निर्माण तथा संचालन सम्बन्धी विनियमावली, २०७६<br>➢ नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री) विनियमावली, २०७६<br>➢ दूरसञ्चार उपकरण आयात तथा बिदेशी मुद्रा सटही सिफारिस सम्बन्धी (कार्यविधि) विनियमावली, २०७६<br>➢ मोबाइल टावरवाट सृजित विद्युतीय चुम्वकीय विकिरण (इ.एम.आर) वाट सर्वसाधारण तथा कामदारको सुरक्षा सम्बन्धी विनियमावली, २०७६<br>➢ नेपाल दूरसञ्चार प्राधिकरणको इन्टरनेट (इमेल सहित) सेवा सञ्चालन सम्बन्धी विनियमावली, २०७७<br>➢ साइबर-सुरक्षा-विनियमावली,२०७७<br>➢ दूरसञ्चार सेवा प्रदायकले संकलन गरेको ग्राहकको फर्म लगायतका कागजात धुल्याउने विनियमावली, २०७७<br>➢ दूरसञ्चारका पूर्वाधार सह-प्रयोग र सो को शुल्क निर्धारण सम्बन्धी विनियमावली २०७८<br>➢ दूरसञ्चार सेवा गुणस्तर सम्बन्धी विनियमावली, २०७९<br>➢ विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०८०<br>➢ शुल्क स्वीकृति निर्देशिका, अन्तरआवद्दता निर्देशिका, २०६५,<br>➢ सूचना प्रविधि प्रयोग सम्बन्धी नीति, २०८०, दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिको परिक्षण सम्बन्धी कार्यविधि, २०८०<br>➢ रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०८०<br>➢ Digital Nepal Frame-work,<br>➢ General Licensing Guideline,<br>➢ Internet with Email guidelines,<br>➢ Network Service Guideline,<br>➢ VSAT User Guideline Amendment,<br>➢ Video Conferencing Guideline,<br>➢ Special Guidelines for Prepaid Calling Card, Infrastructure Sharing Guidelines. | |

| | | | |
|---|---|---|---|
| १३. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण | आ.व.२०८०/८१ को लागि विनियोजित रकम<br>बजेट रु. ११०६०६/- (लाखमा)<br>आ.व. २०८०/८१ को चैत्र मसान्त सम्मको खर्च तर्फको<br>बजेट रु.१,४९९/- (लाखमा) | |
| १४. | तोकिए बमोजिमका अन्य विवरण | | |
| १५. | सार्बजनिक निकायको वेभसाइट भए सोको विवरण | www.nta.gov.np | |
| १६. | सार्बजनिक निकायका सूचना अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण | कार्यालयको सूचना पार्टी र वेवसाइट तथा आवश्यकता अनुसार राष्ट्रिय दैनिक पत्र पत्रिका | |